# खुँडो ओठ कथामा प्रजाति, क्षण र पर्यावरण

लक्ष्मीकृष्ण श्रेष्ठ

उपप्राध्यापक

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: laxmikrishna52@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v10i1.34584

**लेखसार**

प्रस्तुत लेखमा समाजशास्त्रीय मान्यताका आधारमा खुँडो ओठ कथाभित्र रहेका प्रजाति, क्षण र पर्यावरणको पहिचान गरी विश्लेषण गरिएको छ । प्रसिद्ध समाजशास्त्री हिप्पोलाइट एडल्फ तेनको समाजशास्त्रीय मान्यतालाई आधार मानी सोही सैद्धान्तिक मान्यतासँग समानता राख्ने यस कथाभित्रका सन्दर्भहरू उल्लेख गर्दै अध्ययन विश्लेषण गरिएको छ । विशेषतः तेनका समाजशास्त्रीय मान्यता अन्तर्गत प्रजाति, क्षण र पर्यावरणलाई यस कथाको विश्लेषणको आधार बनाइएको छ । यस कथामा प्रस्तुत गरिएको जातिगत विविधताको अवस्थाका बारेमा केलाउने काम जाति शीर्षक अन्तर्गत गरिएको छ । यस कथामा प्रस्तुत भएका समकालीन नेपाली समाजको मूल्य, मान्यता, संस्कार, संस्कृतिलगायत राजनीतिक घटनालाई क्षण शीर्षकभित्र राखेर अध्ययन विश्लेषण गरिएको छ । त्यसै गरी पर्यावरण अन्तर्गत समाजको भौतिक तथा प्राकृतिक पर्यावरणका साथै सामाजिक, सांस्कृतिक तथा राजनीतिक पक्ष पनि समेटिएको छ ।

*शब्दकुञ्जी :* साहित्यको समाजशास्त्र, प्रजाति, क्षण, पर्यावरण, प्रत्यक्षवाद

## विषय परिचय

### पृष्ठभूमि

खुँडो ओठ (सन् २०१५) कथाका सर्जक भारतीय साहित्यकार प्रज्वल पराजुली (सन् १९८४) हुन् । भारतीय पिता र नेपाली आमाका सन्तान पराजुलीको जन्म भारतको सिक्किममा भएको हो । उनी अङ्ग्रेजी भाषाका लेखक हुन् । उनका *द गोर्खाज डटर* (कथा सङ्ग्रह, सन् २०१२) र *ल्यान्ड ह्वेयर आइ फ्ली* (उपन्यास, सन् २०१३) गरी दुई कृति प्रकाशित छन् । यी दुवै कृतिहरू नेपाल, भुटानहुँदै अमेरिकासम्म फैलिएका नेपालीहरूका बारेमा लेखिएका छन् (wikipedia.org) । *द गोर्खाज डटर* कथा सङ्ग्रहका पात्रहरूले बोल्ने भाषामा यो कृति प्रकाशन हुन जरुरी देखेपछि सन् २०१५ मा काठमाडौँबाट *गोर्खाकी छोरी* नाममा प्रकाशित भयो । यस कृतिलाई लेखककै बुबाआमा बीसी शर्मा र सरला भट्टराईले नेपालीमा अनुवाद गरेका हुन् (पराजुली, सन् २०१५, प.३२) ।

आफ्नो मुलुकप्रति अगाध श्रद्धा भए पनि नेपाली मूलका भारतीयहरूलाई भारतको कुनै सहरभन्दा नेपालको राजधानी काठमाडौँ आफ्नो घरजस्तो लाग्नु स्वाभाविक नै हो । उनीहरूले भारतमा पहिचानको सम्बन्धमा विभिन्न प्रश्नहरूको सामना गरिरहेका हुन्छन् । सर्जक पराजुलीले यिनै साहित्यिक कृतिका माध्यमबाट ती प्रश्नका उत्तर खोजेका छन् । *द गोर्खाज डटर* का प्रत्येक कथाभन्दा पहिला त्यस कथाले ओगटेको स्थानको नक्सा प्रस्तुत गरिएको छ (Noubel, 2020) । यसर्थ उनका प्रकाशित रचनाहरू पहिचानसँग सम्बन्धित छन् । उक्त कथा सङ्ग्रहभित्रको 'दी क्लेफ्ट' नेपालीमा अनुवाद हुँदा खुँडो ओठ शीर्षकमा प्रकाशित छ । कथाकारले विशेषतः वि.सं.२०५० को दशकको सामाजिक, आर्थिक तथा राजनीतिक पक्षलाई समेटेर यो कथा लेखेकाले यसको समाजशास्त्रीय कोणबाट अध्ययन गर्न सकिन्छ ।

साहित्यको समाजशास्त्रले साहित्यमा व्यक्त सामाजिक चेतना र लेखकले भोगेको सामाजिक आधारका सम्बन्धका बारेमा अन्वेषण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययनका क्रममा साहित्य र समाजबिचको अन्योन्याश्रित सम्बन्धलाई केलाउने काम साहित्यको समाजशास्त्रले गर्दछ । साहित्यकारले समाजमा विद्यमान प्रजातिका गुणहरू आफ्नो कृतिमा प्रस्तुत गर्दछ । तत्कालीन समाजका व्यक्तिहरूका जीवन भोगाइ र अनुभवहरू पनि कृतिमा प्रस्तुत गरेको हुन्छ । त्यसै गरी साहित्यकारले आफ्नो रचनामा वैयक्तिक अनुभवका साथै तत्कालीन समाजका घटनाक्रमलाई पनि उल्लेख गरेको हुन्छ ।

कथाकार पराजुलीको खुँडो ओठ कथामा समाजशास्त्री तेनको प्रजाति, क्षण र पर्यावरणसम्बन्धी मान्यता कसरी आएका छन् भन्ने कुरालाई आधार मानेर यस कथाको विश्लेषण प्रस्तुत लेखमा गरिएको छ ।

**समस्या कथन**

प्रज्वल पराजुलीको खुँडो ओठ कथाको भावभूमि मुख्यतः नेपाली समाज हो । समकालीन नेपाली समाजमा विद्यमान विभिन्न सामाजिक क्रियाकलाप, भत्कँदो पारिवारिक सम्बन्ध, माओवादी जनयुद्धले जन्माएको त्रासद अवस्था जस्ता पक्षहरू पाइने भएकाले उनको यस कथामा समाजशास्त्रको उपस्थिति रहेको छ । त्यसैले प्रस्तुत कथा समाजशास्त्रीय विश्लेषण अन्तर्गत प्रजाति, युग वा क्षण तथा पर्यावरणका दृष्टिले केकस्तो छ भन्ने जिज्ञाशालाई यस लेखको मूल समस्या बनाइएको छ । यस समस्यालाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) प्रजाति, क्षण र पर्यावरणका बारेमा तेनको मान्यता के हो ?

(ख) प्रजाति, क्षण र पर्यावरणका दृष्टिले खुँडो ओठ कथा कस्तो छ ?

**उद्देश्य**

समस्याकथनमा उठाइएका प्रश्नहरूको समाधान खोज्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । त्यसैले प्रस्तुत अध्ययन निम्न उद्देश्यमा केन्द्रित रहेको छ :

(क) प्रजाति, क्षण र पर्यावरणका बारेमा तेनको मान्यताको सामान्य परिचय दिनु ।

(ख) प्रजाति, क्षण र पर्यावरणका दृष्टिले 'खुँडो ओठ' कथाको विश्लेषण गर्नु ।

**सीमाङ्कन**

प्रस्तुत लेखमा तेनको प्रजाति, क्षण र पर्यावरणका सम्बन्धी समाजशास्त्रीय मान्यताकाबारे सामान्य उल्लेख मात्र गरिएको छ । खुँडो ओठ कथालाई समाजशास्त्रका अन्य आधारहरू जस्तो सामाजिक संरचना, सामाजिक इतिहास, सामाजिक मनोविज्ञान आदि आधारमा विश्लेषण गर्न सकिए पनि तेनका प्रजाति, क्षण र पर्यावरण सम्बन्धी समाजशास्त्रीय मान्यताका आधारमा मात्र 'खुँडो ओठ' कथाको अध्ययन विश्लेषण गर्नु प्रस्तुत लेखको सीमा हो ।

**पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व**

विभिन्न पत्रपत्रिकामा *गोर्खाकी छोरी* (कथा सङ्ग्रह) को पुस्तक समीक्षाका क्रममा सङ्ग्रहभित्रको खुँडो ओठ कथाको चर्चा भएको पाइन्छ । मनोज दाहाल (२०७१)ले *अन्नपूर्ण पोष्ट* पत्रिकामा गोर्खाको छोरो शीर्षकको लेखमा प्रज्वल पराजुलीलाई गोर्खाको छोरोको संज्ञा दिएका छन् । उक्त लेखमा विशेषतः *गोर्खाज डटर* शीर्षकको अङ्ग्रेजी भाषाको कथा सङ्ग्रहभित्रका कथाहरूको रचनाको पृष्ठभूमि, प्रकाशनसम्मको वर्णनका साथै कथाकारमा

आमाबुबाबाट नेपालीमा अनुवाद भई प्रकाशनसम्मका पक्षमा चर्चा गरेका छन् । त्यसै गरी विनिता दाहाल (२०७१) ले *नागरिक दैनिक* पत्रिकामा 'सम्बन्धहरूको शोध' शीर्षकको समीक्षात्मक लेखमा *गोर्खाकी छोरी*को प्रकाशनका बारेमा लेखक तथा अनुवादकको भनाइसमेत उल्लेख गर्दै प्रस्तुत खुँडो ओठ कथामा खुँडो ओठ भएकी घरेलु कामदारभित्र मुम्बईमा गएर हिरोइन बन्ने सपना पलाइरहेको र सासू मरेकामा खुसी मनाइरहेकी विधवा बुहारी (घर मालिक्नी) को मनोभाव यस कथामा उतारिएको बारे चर्चा गरेकी छन् । उनले यस कथामा विषयवस्तुलाई सजीव ढङ्गबाट उतारिएको बारेमा उल्लेख गरेकी छन् ।

उपर्युक्त पूर्वकार्यको समीक्षामा आएका समीक्षकहरूले खुँडो ओठ कथाका बारेमा सामान्य चर्चा गरे पनि तेनको समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन गरेको पाइँदैन । यसर्थ प्रस्तुत लेखमा यस कथाको समाजशास्त्रीय अध्ययन सान्दर्भिक र औचित्यपूर्ण रहेको छ । प्रस्तुत लेखमा 'खुँडो ओठ' को समाजशास्त्रीय विश्लेषण गरिएकाले पराजुलीको यस कथामा पाइने युग, क्षण र पर्यावरणको पहिचानका बारेमा अध्ययन गर्न चाहनेलाई यसले थप ज्ञान दिन सक्ने हुँदा यस अध्ययनको महत्व रहेको छ ।

## शोधविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचाका आधारमा गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक सामग्रीका रूपमा कथाकार प्रज्वल पराजुलीको *गोरखाकी छोरी* (कथा सङ्ग्रह) मा समाविष्ट खुँडो ओठ कथालाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा भने साहित्यको समाजशास्त्रमा आधारित पुस्तकालयमा प्राप्त हुने जर्नल, पत्रपत्रिका, शोधग्रन्थ, समालोचनात्मक पुस्तकका साथै अनलाइन अध्ययन सामग्रीहरूको प्रयोग गरिएको छ । प्राप्त अध्ययन सामग्रीहरूको प्रयोग गरी वर्णनात्मक र व्याख्यात्मक विधिका माध्यमबाट विश्लेषण गरिएको छ ।

## परिणाम तथा व्याख्या विश्लेषण

### साहित्यको समाजशास्त्र : सैद्धान्तिक पक्ष

#### *समाजशास्त्रको परिचय*

मानव विकासको महत्वपूर्ण उपलब्धी समाजको निर्माण हो । एउटै रहनसहन, धर्म आदि कुरा अँगाल्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ (पोखरेल र अन्य, २०४०, पृ.१३०५) । यसरी यही समाजसितको मानिसको सम्बन्ध तथा विभिन्न सामाजिक क्रियाकलाप जस्तो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सम्बन्धको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ (भारद्वाज, सन् १९८८, पृ २८०) ।

कोम्तेको समाजशास्त्र सम्बन्धी चिन्तनलाई साहित्यको समाजशास्त्रको मूल आधार मानिन्छ । साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने कामचाहिँ तेनले गरेका हुन् । उनले साहित्य र कलाको उद्भव र विकासमा प्रजाति, युग, परिवेशलाई बढी महत्व दिएर साहित्यिक सिद्धान्तको सुसङ्गत ढाँचा प्रस्तुत गरे (बराल, २०६३, पृ. ६५) । साहित्यको समाजशास्त्र मूल रूपमा प्रत्यक्षवादी विधेयवादी धारा र मीमांसावादी धारामा विभाजित छ ।

प्रत्यक्षवादी धाराले साहित्यलाई समाजको दस्तावेजको रूपमा स्वीकार गर्दछ । यस धाराको उद्देश्य सामाजिक संस्थागत संरचना, पारिवारिक सम्बन्ध, आबादी र यसको संरचनाको प्रत्यक्ष अङ्कन हो । त्यसैले यसलाई दर्पणवादी सिद्धान्त पनि भनिन्छ । यसलाई विधेयवादी समाजशास्त्रीय चिन्तन पनि भनिन्छ । प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्तको स्थापना तेनले गरेका हुन् ।

साहित्यको समाजशास्त्रको अर्को धारा मीमांसावादी धारा हो । प्रत्यक्षवादी धाराको विरोधमा देखापरेको यस धाराले साहित्यको सामाजिक पक्ष अन्वेषण गर्ने काम गर्छ । खेमनाथ दाहाल(२०५८) का अनुसार मार्क्सवाद, आलोचनात्मक समाजशास्त्र एवम् संरचनावादी दृष्टिकोणको अन्वय गरी विवेचना गर्ने सिद्धान्त नै मीमांसावाद हो । यस सिद्धान्तले प्रकृति, समाज र चेतनाका विकासशील सम्बन्धको व्याख्याका लागि सैद्धान्तिक ढाँचाको निर्माण गर्दछ (पृ.३८) । साहित्यको समाजशास्त्रको सन्दर्भमा एस्कार्पी विधेयवादको प्रतिनिधिका रूपमा देखिएका छन् भने रेमन्ड विलियम्स, एडमन्ड विल्सन, लियो लावेन्थल, जेने उल्फ तथा गोल्डम्यानआदि मिमांसावादी समाजशास्त्रको प्रतिनिधिका रूपमा देखिएका छन्  (बराल, पृ. ६६) ।

१९ औं शताब्दीमा समाज र साहित्यको सम्बन्धको व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन फ्रान्सका दार्शनिक, इतिहासकार तथा निबन्धकार हिप्पोलाइट एडल्फ तेनले प्रारम्भ गरेका हुन् । यिनको अङ्ग्रेजी साहित्यको इतिहास (सन् १९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको प्रारम्भ भएको हो (क्षेत्री, २०६४, पृ. १७) । तेनले जाति, क्षण र पर्यावरणलाई साहित्य विश्लेषणका आधार मानेका छन् ।

साहित्यकारले आफ्नो साहित्यिक सिर्जनाका लागि समाजबाटै कच्चा सामग्री प्राप्त गर्दछ । साहित्य व्यक्तिगत कल्पनाको उपज नभई समाजको अभिव्यक्ति पनि हो । साहित्यले समाजको सत्य तथा मानसिक सोचाइ पनि अभिव्यक्त गरेको हुन्छ । ऐनाले जुन कार्य गर्दछ साहित्यले पनि त्यस्तै काम गरेको हुन्छ भन्ने मान्यता उनको रहेको छ (क्षेत्री, २०६४, पृ. १७) ।

तेनको समाजशास्त्रीय सिद्धान्त प्रत्यक्षवादमा आधारित छ र यसले साहित्यलाई समाजको दस्तावेज मान्दछ  । साहित्यको समाजशास्त्रको विकासमा भिको, हर्डर र मदाम द स्तान्दलको महत्वपूर्ण योगदान रहे पनि समाजशास्त्रको सुसङ्गत इतिहास तेनबाट नै आरम्भ हुन्छ । समाजशास्त्रमा प्रजाति, क्षण र परिवेशको समिश्रणबाट ‘मानसिक संरचना’ को उत्पत्ति हुन्छ र यसले एउटा दृष्टिकोणको निर्माण गर्दछ (बराल, २०६७, पृ. ६५) ।

समाजशास्त्र समाज र सामाजिक मान्छे, सामाजिक संस्थाहरूको अध्ययनको अभिलेख हो । यसले समाजमा बसोबास गर्ने  विभिन्न धर्म, जातपात, लिङ्ग, वर्ण र प्रकृतिका मान्छे र उनीहरूको सामूहिक स्वरूपका बारे अध्ययन गर्दछ । यसले उत्पादनका आधारमा धार्मिक र सांस्कृतिक स्थिति र सामूहिक मानसिकतालाई जोड दिन्छ । अनुभूतिको गहिराइलाई भन्दा प्रत्यक्षता र संश्लेषणात्मकताभन्दा प्रकृतवादिताई यसले जोड दिन्छ । यथार्थतः साहित्यको समाजशास्त्रको प्रमुख आधार प्रत्यक्षवाद हो र यसको उद्देश्य सामाजिक संस्थागत संरचना, पारिवारिक सम्बन्ध, आबादी र यसको बनावटको सिधा प्रतिबिम्बन हो भन्ने एलेन स्विङ्गउडको धारणा रहेको छ । (बराल, २०६७, पृ. ६६) ।

**खुँडो ओठ कथामा प्रजाति, क्षण र पर्यावरण**

***खुँडो ओठ कथाको आख्यानसन्दर्भ***

विवेच्य खुँडो ओठ कथाको रचना वि.सं. २०५० को दशकको पारिवारिक अवस्था झल्काउने नेपाली समाजको चित्र उतारिएको कथा हो । कथाकार प्रज्वल पराजुलीको *गोर्खाकी छोरी* (कथा सङ्ग्रह, सन् २०१५) भित्र यो कथा समावेश छ । खुँडो ओठ भएकी काली र उसका अभिभावक र परिवारका सदस्यहरूले भोगेको जीवन कमजोर आर्थिक अवस्था भएका उपेक्षित विपन्न समुदायको साझा समस्या हो । त्यसै गरी यस कथामा विधवा

पार्वतीको माध्यमबाट वि.सं. २०५० को दशकमा नेपाली समाजमा भत्कँदै गएको पारिवारिक सम्बन्धलाई राम्ररी केलाउन खोजिएको छ ।

पतिको पाँच वर्षअघि दुर्घटनाबाट असामयिक निधन भएपछि पार्वतीको एक्लो जीवनमा सहयोगीका रूपमा काली आएकी छ । तेह्रचौध वर्षकी कालीलाई भारत र भुटानको सिमाना डुअर्सबाट ल्याइएको हो । विपन्न परिवारमा सन्तान थपिँदै जाने तर आम्दानीको स्रोत नबढेको अवस्थामा जीविकाकै समस्या थियो । कथाकारले यस परिस्थितिलाई यसरी वर्णन गरेका छन् "....एक त छोरी भएर जन्मेकी, त्यहाँमाथि काली ! त्यतिले पनि नपुगेर ओठ खुँडो भएपछि ऊ परिवारमा सबैभन्दा घाँडो बनेकी थिई । त्यसै पनि जन्मदै रोगी सन्तानले केही लाभ दिलाउनु त परको कुरो, उल्टै उसैको हेर विचार गरिदिनुपर्ने हुन्छ (पृ. ८) ।" त्यसैले काम गर्ने केटी खोज्दै आफ्नो घरमै आइपुगेकी अधबैँसे विधवा पार्वतीलाई कालीकी आमाले कालीले काम गरेवापत पारिश्रमिक लिने कुनै सर्त नराखी उसलाई सुम्पेकी थिई । पार्वतीको एक मात्र सहयोगी काली भए पनि पार्वतीले उसको शोषण मात्र गरेकी छ । उसले खुँडो ओठको उपचार गरिदिने र औपचारिक शिक्षा दिलाइदिने आश्वासन दिए पनि त्यसलाई टार्दै गएकी छ । उसले अरूको अगाडि कालीलाई होच्याउन छाडेकी छैन ।

पार्वतीको परिवारमा पारिवारिक सम्बन्ध औपचारिक मात्र छ । पति जीवित रहुन्जेल पार्वती र उसकी सासूबिच कहिल्यै राम्रो सम्बन्ध रहेन । पारिवारिक सम्बन्ध औपचारिकतामा मात्र सीमित छ । काठमाडौँमै घर भएकी नन्द सरितासँग पार्वतीको त्यति सम्पर्क छैन । सरिताले पनि पारिवारिक सम्बन्धलाई भन्दा पनि आर्थिक उन्नतिलाई नै प्रधानता दिएको प्रतीत हुन्छ । उसले घरमा एरिन नाम गरेकी अस्ट्रेलियन वृद्धालाई पेइङ गेस्टका रूप राखेकी छ । उसको सङ्गतमा परेर सरिताले क्याम्पसमा भर्ना भएर गृह विज्ञान विषय अध्ययन गर्न थालेकी छ । सरितालाई एकलकाँटे बनाएकाले उसको पतिले एरिनलाई घरबाटै निकाल्न चाहन्छ तर एरिनले राम्रै घर भाडा तिर्ने गरेकीले उसले निकाल्न सकेको छैन ।

सासूको निधन भएको खबर सुन्दा पार्वतीको पहिलो प्रतिक्रिया थियो "बोक्सी !" आफैँमा मुस्कुराउँदै पार्वतीले भनिन्, "मरिछ ।" (*गोर्खाकी छोरी*, पृ. ३ ) बाहिरभने नन्द सरिताको फोन आउँदा रुँदै छ भनेर भनिदिन कालीलाई भन्छे । सरिताकी आमाको निधन भएको खबर सुनेपछि एरिनले आफूलाई आमा भन्न आग्रह गरेकी छ । त्यसैले सरिताले एरिनलाई आमाको दर्जा दिएकी छ । आफूलाई जन्म दिने आमाको मृत्युहुँदा पनि उसलाई त्यति दुःख व्यक्त गरेकी छैन । हिन्दू संस्कृतिअनुरूप मृत्युसंस्कारमा सरिक हुन एरिनसहित उनीहरू विर्तामोड जाँदै छन् । भाउजूसँगको संवादका क्रममा सरिता भन्छे, "यी अस्ट्रेलियनहरूको कुरो तपाईं के बुझ्नुहुन्थ्यो ! एक पटक कसैलाई मन पराए भने उनीहरूले स्पोन्सरै गरिदिन्छन् । मतलब, दुई वर्षमै तपाईं अस्ट्रेलियाको नागरिक बन्नुहुनेछ.... " (पृ. १२) । उसले आफ्नो पतिलाई भन्दा पनि एरिनलाई महत्त्व दिएकी छ । सरिताले आफ्नो पतिसँग कानुनी रूपमा सम्बन्ध विच्छेद गर्ने बारे सोचिरहेको कुरा पार्वतीलाई सुनाउनाले पनि उसको भित्री मनसाय प्रस्ट हुन्छ ।

किशोरीहरूलाई ललाइफकाइ गरी भारतको बम्बईमा लगेर बेच्ने र देह व्यापारमा संलग्न गराउने स्वार्थीहरू नेपाली समाजमा सल्बलाइरहेकै छन् । अरुको घरमा घरेलु कामदारका रूपमा काम गरिसकेको एक युवक किशोरी कालीलाई ललाइफकाइ भारतको बम्बई पुऱ्याउन चाहन्छ । यसका लागि खुँडो ओठ भएकी कालीको सौन्दर्यको तारिफ गर्दै उसलाई बम्बई लगेर चलचित्रकी नायिका बनाइदिने सपना देखाउँछ । पार्वती, सरिता र कालीको बाँकी जीवनका बारेमा पाठकलाई नै अनुमान गर्ने जिम्मा दिँदै कथा समापन भएको छ ।

यसप्रकार पार्वतीको सासूको अन्तिम संस्कारका लागि काठमाडौँबाट विर्तामोड, झापासम्म जाने क्रममा समेटिएका उपर्युक्त प्रसङ्गहरूले बदलिँदो नेपाली समाजको प्रस्ट तस्बिर उतार्न 'खुँडो ओठ' कथा सफल भएको छ ।

**खुँडो ओठ कथामा प्रजाति**

प्रजातिका अधारमा विश्लेषण गर्दा कथामा कथाकारले स्पष्ट रूपमा जात उल्लेख गरेको भए त्यसको आधारमा र सो नभए पात्रको शारीरिक बनावट र वंशानुगत स्वभाव, भाषा, संस्कार आदिलाई आधार मान्ने गरिन्छ । साहित्य समाजका जातिहरूको पदचिह्नको आधार मान्ने तेनका विचारमा साहित्य लेखन एउटा व्यक्तिको मात्र काल्पनिक उपज होइन, यो समाजका जातिको प्रभावबाट पृथक रहन सक्दैन । उनका विचारमा लेखकको समकालीन समाजका जाति र उनीहरूको व्यवहार तथा स्वभावका प्रभावबाट साहित्यको सृजना भएको हुन्छ (क्षेत्री, २०६४, पृ. २१) । प्रजातिलाई साहित्यको समाजशास्त्रीय विश्लेषणको प्रमुख आधार मानिन्छ । यसप्रकार तेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका लागि एउटा प्रधान विषयका रूपमा लिएका छन् ।

*गोर्खाकी छोरी* (कथा सङ्ग्रह) को प्रकाशनका सम्बन्धमा लेखकको के भनाइ छ भने यसका पात्रले बोल्ने भाषा मै यो सङ्ग्रह आउनुपर्छ भन्ने लागेर नेपाली भाषामा अनुवाद गरिएको हो (*गोर्खाकी छोरी,* पृ. मन्तव्य) । 'खुँडो ओठ' कथामा मूलतः नेपाली समाजको यथार्थ चित्रण भएको छ । यस कथामा काली, उसका आमा, बुबा, दाजुदिदी, अज्ञात युवक आदि विपन्न वर्गका पात्र तथा पार्वती, सरिता जस्ता सम्भ्रान्त वर्गका पात्रहरूको उपस्थिति छ । यहाँ कसैको पनि थर उल्लेख गरिएको छैन ।

कालीको बारेमा पार्वतीको कथन छ : "अर्की छोरीको कुनै आवश्यकता नभएकैले तेरी आमाको निम्ति पनि तँ केवल बोझ थिइस् । ...तेरा दाजु दिदीहरू तँलाई मन पराउँदैनथे ...तँ देख्दै डरलाग्दो थिइस् ...तेरो बाउ कामै नलाग्ने मान्छे थियो" (पृ. ८-९) । कालीका आमाबुबाको आर्थिक अवस्था अत्यन्त नाजुक थियो । छोराछोरी पाल्नै समस्या भएको अवस्थामा शिक्षादीक्षा र कालीको खुँडो ओठको उपचार त परको कुरा थियो । त्यसैले काम गर्ने केटी खोज्दै आएकी पार्वतीलाई कालीकी आमाले एकै पैसा नलिई उनैलाई छोरी सुम्पिदिएकी थिई ।

कथाको आरम्भमा नै पार्वतीकी सासूको विर्तामोडमा देहवसान भएको खबर प्राप्त भएपछि हिन्दू धर्मअनुसार मृत्युसंस्कारका लागि पार्वती र सरितासहितको टोली सानो गाडीमा विर्तामोड नपुगुन्जेलसम्म यो कथा फैलिएको छ ।

"अबको तेह्र दिनसम्म त बेस्वादकै खाना जुर्ने होला । पैँतालीस दिनसम्मै त्यस्तै खाएर बाँच्नुपर्ने अवस्था पनि आउन बेर छैन । नुनतेल केही नहालेको खाना, त्यो पनि जबरजस्ती दिनमा एक छाक मात्र !" (पृ.१०) पार्वतीको यस कथनबाट उसको परिवार हिन्दू धर्मालम्बी ब्राह्मण जातिको भएको अनुमान लगाउन सकिन्छ । तर वि.सं. २०५० को दशकको नेपाली समाजका यी हिन्दूधर्मालम्बीहरूले श्रद्धाले भन्दा पनि बाध्यताले यी संस्कारको पालना गरेका छन् भन्ने कुरा पार्वती र सरिताको संवादबाट प्रस्ट हुन्छ । "...बरु, आज राति सँगै खाऔँ, जुठो भोलिदेखि बारौँला" (पृ. २३) ।

नेपाली समाजमा नन्द र भानिजका लागि उच्च आदरयुक्त भाषा प्रयोग गरिन्छ भने घरेलु कामदारका लागि शून्य आदरको प्रयोग गरिन्छ । यस कथामा प्रस्तुत कालीसँग अन्य पात्रहरूबिचको संवादबाट यो कुरा प्रस्ट हुन्छ ।

सरिता फेसन डिजाइनर बन्न चाहन्थी तर यो कुरा उसको परिवारलाई सह्य थिएन । सरितालाई उसको इच्छा त्याग्न दाइ (पार्वतीका पति) को हातबाट आमाले शारीरिक यातनासमेत दिनुपर्‍यो । आमाको के तर्क थियो भने नेपाली समाजमा कथित दलित जातिको रूपमा व्यवहार गरिने दर्जीले मात्र गर्ने सिलाइबुनाइको काम गर्ने हो ।

यसप्रकार यस कथामा नेपाली समाजको यथार्थ चित्रण गर्ने क्रममा पराजुलीले प्रस्तुत कथामा निम्न तथा उच्च वर्गका जातिका पात्रको प्रयोग गरेका छन् । माथिल्लो जातिले कथित तल्लो जातिलाई हेयका दृष्टिले हेर्ने गरेको छ । यहाँ पार्वती र सन्नीले कालीलाई अनावश्यक रूपमा होच्याउने, गाली गर्ने गरेबाट थाहा हुन्छ ।

**खुँडो ओठ कथामा युग वा क्षण**

साहित्यमा युगीन तस्बिर उतारिएको हुन्छ । यसप्रकार साहित्यमा साहित्यकार वा कलाकारहरूले भोगेको जीवन अभिव्यक्त भएको हुन्छ । साहित्यिक कृतिको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्था अभिव्यक्त गर्दछ (पाण्डेय, १९८९, पृ. १२४) । तेनका अनुसार कुनै निश्चित समयको सामाजिक घटना वा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले आफ्नो कृतिमार्फत् व्यक्त गर्दछ (Laurenson & Swingewood, 1972, p. 35) । यसप्रकार साहित्यलाई समय तथा युगको प्रतिरूप भन्न सकिन्छ ।

रमेश प्रभात (सन् २०१८) का अनुसार "तेनले साहित्यलाई दर्पणसँग तुलना गर्दै सत्यको अभिव्यक्ति साहित्यले गर्छ भनेका छन् ।  साहित्यकारले आफू बाँचेको समयको प्रतिविम्ब साहित्यमा उतारेको हुन्छ भन्ने कुरा एक शताब्दी र अर्को शताब्दीको तुलना गर्दा थाहा पाउन सकिन्छ । यस्तो भिन्नता हुने कारण समयले मान्छेमा ल्याउने चेतनाले गरेको हुन्छ" (पृ. १२७) ।

दपर्णले वस्तुलाई प्रतिविम्वित गरेजस्तै साहित्यले समयको प्रतिविम्ब प्रस्तुत गर्दछ । तसर्थ पनि तेनले साहित्यिक कृतिको समाजशास्त्रीय कोणबाट अध्ययनमा समय तथा क्षण वा युगको अन्वेषणलाई समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेको पाइन्छ ।

कथाकार प्रज्जल पराजुलीको 'खुँडो ओठ' कथामा वि.सं. २०५० को दशकको नेपाली समाजको प्रतिविम्ब प्रस्ट रूपमा देख्न सकिन्छ । बालबालिकालाई घरेलु कामदारका रूपमा राख्न नेपालको प्रचलित कानुनले बर्जित गरे पनि नरोकिएको अवस्था छ । सोही कारण काली पार्वतीको घरमा घरेलु कामदार बनेकी छ । समकालीन नेपाली समाजका सदस्यहरूका लागि पारिवारिक सम्बन्धहरू बोझिला बनेका छन् । पार्वतीको सासूसँगको सम्बन्ध राम्रो भएन । लोग्ने बाँचुन्जेल उनको माया एकोहोर्‍याउन सासूबुहारीबिच हानाथाप चलिरह्यो । भित्र जतिसुकै मनमुटाव भएपनि बाहिर केही नभएजस्तो सामान्य व्यवहार देखाउने पार्वतीको स्वभाव छ ।

स्वयं पार्वतीकी नन्द सरितालाई पनि आफ्नी आमाको मृत्युमा त्यति दुःखी छैन । आमाको अन्तिम संस्कारका लागि काठमाडौँबाट बिर्तामोडमा जाने क्रममा गाडी रिजर्भ गरेकी सरिताले आफ्नी भाउजू पार्वतीलाई भाडावापत दुई हजार रुपियाँ भाग लाएकी छ । आमासँगको नाता पनि स्वार्थमै जेलिएको छ । पतिपत्नीको सम्बन्धलाई पहिले माया, धर्म र सामाजिक सम्बन्धले दरिलो बनाउँथ्यो । अहिले आफूलाई चित्त नबुझ्दा पत्नीले पतिसँग सजिलै सम्बन्धविच्छेद गर्छन् । यस कथाकी सरिता पनि आफ्ना पतिसँग सम्बन्ध विच्छेद गर्ने टुङ्गामा पुगेकी छ । उसले आफ्नो घरमा पेइङ गेस्टका रूपमा बस्ने एरिनलाई आमा मानेकी छ । एरिनसँगै अस्ट्रेलिया जाने सपना बुनेकी छ । यस प्रसङ्गबाट समकालीन नेपाली समाजका पछिल्लो पुस्ताले परिवारिक सम्बन्धका सापेक्षतामा व्यक्तिगत उन्नति प्रगतिलाई महत्व दिने गरेको देखिन्छ ।

सनातन संस्कारहरू श्रद्धापूर्वकभन्दा पनि लोकलाज अनि करैले स्वीकार्ने गरिएको छ । विर्तामोडबाट सासूको मृत्युको खबर आएपछि मृत्युसंस्कार अनुरूप पार्वतीलाई तेह्र दिनसम्म अनिलो, त्यो पनि एक छाक खानु पर्ने संस्कारले पिरोलेको छ । यस कथामा प्रस्तुत क्षण नेपाली राजनीतिमा माओवादी आन्दोलनले जनजीवनमा प्रत्यक्ष असर पारेको अवधि हो ।  अज्ञात युवक कालीलाई फकाउने क्रममा भन्छ : “माओवादीले नेपाललाई ध्वस्तै पारेका छन् । उसले भनेको थियो, दुष्ट मालिक्नीको चङ्गुलबाट छुटकारा पाए पनि यस्तो देशमा तिमीले के नै पो गर्न सक्छ्यौ र ? के माओवादी बन्छ्यौ ? बन्दूक बोकेर सोझासाझा गाउँलेलाई हिर्काउँछ्यौ ? जबर्जस्ती चन्दा असुली पो गर्छ्यौ कि ? ....” (पृ. २८) । एक प्रसङ्गमा सरिता भन्छे : “धन्न माओवादीहरूले विदेशी पर्यटक देखे भने केही गर्दैनन् मात्र ” (पृ. २९) । यी प्रसङ्गका माध्यमबाट नेपालमा माओवादी आन्दोलनले जनजीवनलाई आक्रान्त पारेको क्षणलाई यस कथामा प्रस्तुत गरिएको छ । अज्ञात युवकले वास्तविकतामा देहव्यापारका लागि बिक्री गर्ने नियतले भारतको बम्बई सहर लैजान कालीलाई फकाउँदै छ । यसका लागि नामले मात्र होइन, खुँडो ओठ भएकी, रूपरङले पनि कालीलाई उसको सौन्दर्यको झुटो प्रशंसा गर्दै बम्बैमा चलचित्रकी नायिका बनाइदिने लोभ देखाउँछ र भागेर भारतको सिलिगुढी आउन भन्छ ।

शिक्षित ब्राह्मण मातापिताका सन्तान भएकाले पनि यस कथाका लेखक पराजुली नेपालको सामाजिक, आर्थिक तथा राजनीतिक वातावरणसँग परिचित थिए । उनका भोगाइ र धारणा यस कथामा व्यक्त भएको छ । यसप्रकार व्यक्तिगत स्वार्थले भत्कँदै गएको पारिवारिक सम्बन्ध र नेपालको बिग्रँदो राजनीतिक अवस्था र पैसामुखी मानसिकता भएको क्षणलाई यस कथाले आफ्नो कथ्य बनाएको छ ।

**खुँडो ओठ कथामा परिवेश/ पर्यावरण**

तेनले पर्यावरणलाई एक महत्त्वपूर्ण अवधारणा मानेका छन् । उनको के मत छ भने साहित्यिक रचनामा विशेषतः प्रकृति र प्राकृतिक परिवेश सँगसँगै आएको हुन्छ । पर्यावरण अन्तर्गत भूगोल र जलवायु महत्वपूर्ण अङ्गका रूपमा रहने गर्दछ । यसले कुनै पनि जातिको विकासमा समेत असर पारेको हुन्छ । तेनले साहित्यमा पर्यावरणको प्रभाव रहने कुरा बताएका छन् । उनको पर्यावरण समाजको भौगोलिक संरचना र हावापानीसँग सम्बन्धित देखिन्छ (Laurenson & Swingewood, 1972, p. 33) यसैले भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल अर्थात् हिम प्रदेशका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ । त्यसैगरी दक्षिणको भौगोलिक संरचना अपेक्षाकृत अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति तथा हर्षोल्लास पाइन्छ ।  यसप्रकार भौगोलिक वातावरणको प्रभाव साहित्यमा परेको हुन्छ । मानिस सामाजिक प्राणी भएकाले ऊ प्रकृति तथा सामाजिक वातावरणबाट घेरिएको हुन्छ भन्ने धारणा तेनको रहेको छ (पाण्डेय, सन् १९८९, पृ. १२८) । यसर्थ साहित्यको विश्लेषणका क्रममा बाह्य भौगोलिक पर्यावरणका साथै राजनीतिक, सामाजिक, सामाजिक र पात्रका मानसिक पर्यावरणलाई पनि कृतिको अध्ययनको आधार बनाइएको हुन्छ । यसप्रकार सामाजिक व्यवस्था र त्यसले सामाजिक व्यक्तिहरूमा पारेको प्रभाव तत्कालीन सामाजिक र मानसिक परिवेश वा पर्यावरण हुन् ।

खुँडो ओठ कथामा पार्वतीकी सासूको विर्तामोड, झापामा निधन भएको खबर प्राप्त भएपछि पार्वती, काली, सरिता र छोरा सन्नी तथा सरिताको घरमा पेइङ गेस्टका रूपमा रहेकी अस्ट्रेलियन नागरिक एरिन मृत्यु संस्कारमा सहभागी हुन काठमाडौँदेखि विर्तामोडसम्म यात्रा गरेका छन् । प्रत्यक्षतः यस कथामा करिब १८ घण्टाको अवधिलाई समेटे पनि पूर्वदीप्तिका रूपमा निकै वर्ष अघिदेखिको समयलाई समेटेको छ । स्मृतिका रूपमा कलेज पढ्दै गर्दा फेसन डिजाइनर बन्ने सपनाका बारेमा सुनाउँदा रिसाएर सरिताकी आमाले दाजुको हातबाट कुटाएको

प्रसङ्ग, पार्वती र उसकी सासूबिच उसका पतिको माया एकोहोऱ्याउने सम्बन्धमा देखापरेको आपसी द्वन्द्व आएका छन् । स्थानका दृष्टिले यस कथामा काठमाडौँदेखि विर्तामोड झापा, भारत र भुटानको सिमानामा रहेको डुवर्ससम्म फैलिएको छ । यस कथामा नेपाली समाजमा माओवादी आन्दोलनले जनमानसमा पारेको त्रासको वातवरणलाई पनि उल्लेख गरेकाले काल खण्डका हिसाबले वि.सं. २०५० को दशकलाई यस कथाले समेटेको प्रस्ट हुन्छ ।

नेपालमा संयुक्त परिवार विद्यमान रहेपनि यो विखण्डनको क्रममा छ । परिवारका सदस्यहरूका बिचमा आत्मीयता बढ्दै जानुपर्नेमा स्वार्थ मिसिँदै गएको छ । आमा आफनै छोराबुहारी मिलेर बसेको देख्न सक्तिन । छोराबुहारीको सम्बन्ध राम्रो भएमा आफूलाई छोराले वास्ता गर्दैन कि भन्ने आशङ्काले गर्दा पार्वतीकी सासूले आफ्नो छोरालाई आफूतिर एकोहोऱ्याउने प्रयास गरेकी छ । यही कारणले पार्वती र उसकी सासूका बिचको सम्बन्ध सधैँ तिक्ततापूर्ण रह्यो । पार्वती र उसकी नन्द काठमाडौँ उपत्यकाभित्र भए पनि उनीहरूको भेट हुँदैन वा भेटघाट गर्न चाहँदैनन् । काठमाडौँबाट विर्तामोड जानेक्रममा गाडी भाडावापत सरिताले आफ्नी भाउजू पार्वतीबाट रु.दुई हजार उठाएकी छ । यसप्रकार पछिल्लो समय नेपाली समाजमा देखिएको पारिवारिक सम्बन्धको खोक्रोपनलाई यस कथाले प्रस्ट पारेको छ ।

सहरबजारमा बालबालिकालाई शिक्षादीक्षा दिने लोभ देखाएर घरेलु कामदारको रूपमा राख्ने चलन हटिसकेको छैन । यहाँ कालीलाई उसको खुँडो ओठको उपचार गरिदिने साथै स्कुल पनि पढाइदिने लोभ देखाएर पार्वतीले उसलाई भारतको डुवर्सबाट लिएर ल्याएकी थिई । कालीले आफ्नो जिम्मेवारी पूरा गरे पनि पार्वतीले कालीलाई उपचार गराइदिने र विद्यालय पठाउने काममा अग्रसरता देखाएको अवस्था छैन । अबोध चेलीहरूलाई भारतमा लगेर बेच्ने क्रम पनि रोकिएको छैन । यस कथामा एक अज्ञात युवकले बम्बईमा हिरोइन बनाइदिने सपना देखाई कालीलाई भगाएर लैजान फकाएबाट यो कुरा प्रस्ट हुन्छ ।

अघिल्लो पुस्तामा विद्यमान स्वार्थी तथा उदण्ड स्वभावको प्रभाव पछिल्लो पुस्तामा पनि पर्दै गएको छ । अस्ट्रेलियन नागरिक एरिनले आफूलाई आमा भन्न आग्रह गरेका कारण सरिताले आफ्नी आमाको मृत्यु भएको खबर प्राप्त हुँदा र मृत्यु संस्कारका लागि गइरहँदासमेत अलिकति पनि दुःखी भएको भाव व्यक्त गरेकी छैन भने अघिल्लो दिनमात्र दिवंगत भएकी आमाको निन्दा गर्न छोडेकी छैन । यहाँ आमाको स्वार्थी स्वभावको प्रभाव छोरी सरितामा परेको देखिन्छ । त्यसै गरी सरिताको यही स्वार्थी स्वभावको प्रभाव छोरा सन्नीमा परेको छ । गाडीभित्र चिसो हावा पसेकाले झ्याल बन्द गर्न पार्वतीले आग्रह गर्दा सन्नीले केही नबोली क्रोधित दृष्टिले आफ्नी माइजू पार्वतीलाई हेरेको छ भने सरिताले पनि नदेखे जस्तो गरेकी छ । पटक पटक आग्रह गर्दा भित्रभित्रै मुर्मुरिएर झ्याल बन्द गरेको छ । त्यस्तै उसले कालीलाई पटक पटक होच्याएको छ ।

खुँडो ओठ कथाले समेटेको वि.सं. २०५० को दशकको समयावधिमा नेपालको राजनीतिक वातावरण अस्थिर रहेको अवस्था देखिन्छ । तत्कालीन संसदीय शासन व्यवस्था विरुद्ध माओवादीले सशस्त्र आन्दोलन सुरु गरेका कारण देशमा अशान्ति फैलिएको अवस्था थियो । माओवादी आन्दोलनमा सामेल हुन नचाहने अधिकांश युवाहरू कि त सहर पसेका थिए कि विदेश पलायन भएका थिए । देशमा त्रासको वातावरण थियो । काठमाडौँ मामाघर भएका ( दाहाल, वि.सं.२०७१ ) नेपाली मूलका लेखक पराजुलीले यस कथामा नेपालको राजनीतिक वातावरण सम्बन्धमा आफ्नो धारणालाई अज्ञात युवक तथा सरिताको माध्यमबाट प्रस्तुत गरेका छन् ।

यसप्रकार तत्कालीन विषम राजनीतिक तथा सामाजिक परिवेश तथा वंसानुगत गुणका कारण यस कथाका पात्रहरूमा व्यक्तिवादी स्वार्थी स्वभावको विकास भइरहेको अवस्थालाई कथाकारले यस कथामा प्रस्तुत गरेका छन् ।

**निष्कर्ष**

प्रज्वल पराजुलीको खुँडो ओठ कथामा मूलतः नेपाली समाजका मध्यम वर्गीय तथा निम्न वर्गीय विविध जातिका पात्रहरूको प्रयोग गरिएको छ। कथाकारले आफ्नो कथामा ग्रामीण तथा सहरिया समाजका विभिन्न वर्गीय चरित्र भएका विभिन्न वंशानुगत स्वभाव, संस्कृति भएका मूलतः नेपाली समाजका उच्च तथा निम्न वर्गीय पात्र प्रयोग गरेका छन्। यस कथामा कुनै पनि पात्रको जात उल्लेख नभए पनि कथामा हिन्दू धर्म अनुरूप मृत्युसंस्कार सम्पन्न गर्ने प्रसङ्ग तथा परम्परागत संस्कार अनुरूप कथित उच्च वर्गले श्रमजीवी वर्गद्वारा अपनाएको पेसाप्रति घृणाभाव व्यक्त गरेको सन्दर्भ उल्लेख भएकाले पार्वतीको परिवार उपल्लो वर्गको प्रतिनिधित्व गर्ने वर्गको हो भन्ने प्रस्ट हुन्छ। कथामा भुटानको सीमानजिकै डुअर्सको आदिवासी परिवार ( खुँडो ओठ भएकी कालीको परिवार) को पनि उपस्थिति छ। कालीका परिवार, अज्ञात युवक आदि निम्न वर्गका पात्र हुन्।

यस कथामा पार्वती, काली, सरिता, पार्वतीकी सासू, अज्ञात युवक आदि पात्रले जीवनमा भोगेका विभिन्न घटनाहरू क्षणका रूपमा आएका छन्। त्यसै गरी वि.सं. २०५० को दशकमा माओवादी द्वन्द्वका कारण नेपालमा त्रासदीपूर्ण अवस्था पनि क्षणका रूपमा आएको छ।

यसमा मूलतः नेपालको काठमाडौँदेखि विर्तामोडसम्मको सहरी परिवेशको चित्रण गरिएको छ। त्यस्तै भारतको डुअर्समा बसोबास गर्ने आदिवासी जनजातिले भोगेको चरम गरिबीको वातावरण स्मरणका रूपमा आएको छ। यस  कथामा समकालीन नेपाली समाजको विखण्डन उन्मुख पारिवारिक सम्बन्ध, स्वार्थी प्रवृत्तिलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ। त्यस्तै राजनीतिक अस्थिरताका कारण मानिसहरू विदेश पलायन हुने गरेको प्रसङ्गसमेत प्रस्तुत गरिएको छ। यसर्थ 'खुँडो ओठ' कथामा प्रजाति, क्षण र पर्यावरण चित्रणमा कथाकार पराजुली सचेत र सफल रहेका छन्।

**सन्दर्भसामग्री**


क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध). त्रिभुवन विश्वविद्यालय.

दाहाल, खेमनाथ (२०५८). *आधुनिक नेपाली उपन्यासको समाजशास्त्र* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध). त्रिभुवन विश्वविद्यालय..

दाहाल, मनोज (३, माघ २०७१). गोर्खाको छोरो. *अन्नपूर्ण पोष्ट.* नेपाल न्यूज नेटर्वक इन्टरनेसनल प्रालि.

दाहाल, विनिता (१७, माघ २०७१). सम्बन्धहरूको सोध. *नागरिक दैनिक.* नेपाल रिपब्लिक मिडिया.

पराजुली, प्रज्वल (सन् २०१५). *गोर्खाकी छोरी.* पब्लिकेसन नेपालय.

पाण्डेय, मैनेजर (सन् १९८९). *साहित्यके समाज शास्त्रकी भूमिका.* साहित्य अकादमी पंचकूला.

पोखरेल, बालकृष्ण, त्रिपाठी, बासुदेव, दाहाल, वल्लभमणि, वज्राचार्य, धनवज्र र तमोट, काशीनाथ (२०४०). *नेपाली बृहत् शब्दकोश.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

प्रभात, रमेश (सन् १९१८). नथिया उपन्यासमा जाति. क्षण र वातावरण. *बी. एम. सी.जर्नल अफ साइन्टिफिक रिसर्च* (२), १२५-१३२.

बराल, ऋषिराज (२०६३). *उपन्यासको सौन्दर्यशास्त्र* (दोस्रो संस्क.). साझा प्रकाशन.

भारद्वाज, मैथिली प्रसाद (सन् १९८८). *पाश्चात्य काव्य शास्त्रके सिद्धान्त.* साहित्य अकादमी.

Laurenson, D. T., & Swingewood, A. (1972). *The Sociology of Literature*. Schoken Books inc.

Noubel, Filip.https://globalvoices.org/2020/02/26/literature-as-a-gate-to-explore-indian-nepali-hybridity-interview-with-author-prajwal-parajuly.